गुराँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानिमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७९/०९/०३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२ (क) र यस गुराँस गाउपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गुराँस गाउँपालिकाको तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| क्र.स. | सूचना नं. /बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | GRM/RIVERBED/NCB/01/079/080 | गुराँस गाउँपालिका स्थित लोहेरे खोला, कर्णाली नदीको (डुङ्गेश्वर बजार) किनारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | ३२,५३७.५० | रु. २८,७०,८४८.७० | कबोल अङ्कको २.५ प्रतिशत | ३०००.०० |
| २. | GRM/RIVERBED/NCB/02/079/080 | गुराँस गाउँपालिका स्थित पराजुली खोला, सिस्ने खोला, पैते खोला, थाक्रे खोला किनार लगाएतका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | ३७५२.५० | रु. ३,३१,०९०।०० | कबोल अङ्कको २.५ प्रतिशत | ३०००.०० |



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गुराँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानिमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

## सर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत प्रभु बैंक शाखा कार्यालय गुराँसमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १५५०१०९२९९१०००८१ मा नगद जम्मा गरेको भौचरसहित गुराँस गाउँपालिकामा बोलपत्र पेस गर्न सकिनेछ ।बोलपत्र सम्बन्धी कागजात गाउँपालिकाको कार्यालयबाट मिति २०७९।०९।१७ गतेसम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको २.५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैङ्क गुराँसमा रहेको धरौटी खाता नं. १५५०१०९२९९१०००७१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको 'बिड बण्ड' पेस गर्नुपर्ने छ।

३. बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाईल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ मिति २०७९।०९।१८ गते दिनको १२:०० बजेभित्र बोलपत्र पेस गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेस गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघेर, रीत नपुगी वा सर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बम बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत



इमेलः gurans.rmp@gmail.com, वेबसाइटः www.guransmun.gov.np, फेसबुकः facebook.com/hamrogurans

Scanned with CamScanner

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अङ्कको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम कार्यालयमा अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियामानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँ पालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website **www.guransmun.gov.np** मा समेत हेर्न सकिनेछ ।)

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner